# बीमा समिति
# BEEMA SAMITI

CHABAHIL, KA. MA. PA.-7
P. O. BOX 2172, KATHMANDU, NEPAL
TEL : 4810818, 4810989, 4811057
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np


OCL

परिपत्र नं.१० (०६४।०६५) च.नं. ४६९

मिति : २०६४।०४।२७

विषय : परिपत्र बारे ।

प्रचलित बीमा ऐन, २०४९ अनुसार स्थापित बीमा कम्पनीहरुले आफुले गरेको बीमाको पुनर्बीमा विदेशी पुनर्बीमकहरुसंग गराउंदा सो को लागि लाग्ने पुनर्बीमा शुल्क भुक्तानी पठाउने प्रयोजनका लागि विदेशी मुद्रा सटही सुबिधाको लागि यस समितिबाट नेपाल राष्ट्र बैंकलाई सिफारिस गर्दै आएको विदितै छ ।

हालै नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागबाट प्राप्त मिति २०६४।४।२२ इ.प्रा.परिपत्र संख्या - ४५२ को परिपत्रबाट "नेपालमा विधिवत रुपमा दर्ता भई कारोवार गरिरहेका बीमकहरुले पुनर्बीमा कम्पनीहरुलाई भुक्तानी गर्नु पर्ने पुनर्बीमा शुल्क सटही सुविधा नेपाल राष्ट्र बैंक विदेशी विनिमय विभाग, बालुवाटारबाट प्रदान गर्दै आएकोमा अब उप्रान्त यस्तो सटही सुविधा देहायका कागजातहरुको आधारमा इजाजत प्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका वैंक तथा वित्तीयसंस्थाहरु बाट सोझै प्रदान गर्न सकिने व्यवस्था गरिएको" भन्ने उल्लेख भै आएको हुंदा यसैसाथ संलग्न उपर्युक्त परिपत्र बाट व्यहोरा अवगत गर्नु भई सोही बमोजिम भुक्तानी गर्न वाणिज्य वैंकहरुको सूचि सहित तपसील बमोजिमका कागजातहरु संलग्न गरी यस समितिको सिफारिसका लागि पेश गर्नु गराउनु हुन मिति २०६४।०४।२७ को निर्णयानुसार यो परिपत्र जारी गरिएको छ ।

तपसील

१. पुनर्बीमा संझौता / कभरनोट,
२. डेबिट नोट,
३. क्रेडिट नोट (आवश्यक भएमा),
४. Facultative पुनर्बीमाको सम्बन्धमा बीमाशुल्क प्राप्त भएको भरपर्दो निस्सा,
५. अग्रिम आयकर भुक्तानी भएको प्रमाणित प्रतिलिपि ,
६. Treaty अन्तर्गतको पुनर्बीमा शुल्क भुक्तानीको लागि सिफारिस माग गरिएको भएमा डेबिट नोटका साथ अनिवार्य रुपमा Quarterly Statement संलग्न हुनु पर्ने,
७. Facultative Re-Insurance को लागि पुनर्बीमा शुल्क भुक्तानीको लागि सिफारिस माग गरिएको भएमा डेबिट नोटका साथ अनिवार्य रुपमा Closing Particular संलग्न हुनु पर्ने,
८. पूर्व सिफारिस भएको भए भुक्तानी निस्सा पेश गर्नु पर्ने,
९. विदेशी मुद्रा सटहीका लागि पेश गरिने सम्पूर्ण कागजातहरु आधिकारिक व्यक्तिको हस्ताक्षर भएको हुनु पर्ने,
१० यस समितिले आवश्यक देखेमा अन्य माग गरिएका थप कागजातहरु,

१. श्री नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेड,
२. श्री दि ओरिएण्टल ईन्स्योरेन्स कम्पनी लिमिटेड,
३. श्री राष्ट्रिय बीमा संस्थान,
४. श्री नेशनल ईन्स्योरेन्स कम्पनी लिमिटेड
५. श्री नेशनल लाईफ ईन्स्योरेन्स कं.लि.,
६. श्री हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड
७. श्री यूनाईटेड इन्स्योरेन्स कं.(नेपाल) लिमिटेड.,
८. श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
९. श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
१०. श्री नेको इन्सुरेन्स लिमिटेड,
११. श्री सगरमाथा इन्स्योरेन्स कं.लि.,
१२. श्री एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड,
१३. श्री एन. बि. ईन्सुरेन्स कम्पनी लिमिटेड,
१४. नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड,
१५. लाइफ इन्स्योरेंन्स कर्पोरशन (नेपाल) लिमिटेड
१६. श्री अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO)
१७. श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड
१८. श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
१९. श्री लुम्बिनी जनरल इ.कं.लि.
२०. श्री एनएलजी इ.कं.लि.
२१. श्री सिद्धार्थ इ.लि.

2064/4/30

(श्रीमान काकी)
उप-निर्देशक